# स्थानीय राजपत्र

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ३) तीनपिप्ले, लमजुङ, २०७८ साल फगुन १५ गते (संख्या १८)


## भाग १

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

**प्रस्तावना** : समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न बान्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी राइनास नगरपालिकाले यो कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम “लैङ्गिक हिंसा

निवारण कोष (संचालन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनुपर्छ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

३. कोषको स्थापनाः (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) राइनास नगरपालिकाबाट प्राप्त रकम

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारबाट प्राप्त रकम

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ।

४. कोषमा रकम जम्मा गर्नेः महिला हकहितको संरक्षणका लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ।

५. कोषको उपयोग :(१) कोषको रकम देहायको कामको लागि पीडितलाई

उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न

(ख) औषधि उपचार गर्न

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न

(च) पुनर्स्थापना गराउन

(छ) पुर्नस्थापना केन्द्र (सेफ हाउस) निर्माण एवं सञ्चालन

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. कार्यालयलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

८. सञ्चालक समितिको गठन : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | -अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (ग) संयोजक, सामाजिक विकास समिति | -सदस्य |

(घ) प्रमुख, इलाका प्रहरी कार्यालय/चौकी प्रमुख -सदस्य

(ङ) कार्यपालिकाले तोकेको नगर सभा सदस्य (महिला १ जना) -सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहका गैर सरकारी संस्थाहरू मध्येबाट सञ्चालक समितिको अध्यक्षले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(छ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य-सचिव

(३) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरू बीच समन्वय गर्ने

(घ) लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी कार्यमा सक्रिय स्थानीय गैरसरकारी एवं निजी संस्थासँग समन्वय गर्ने

(ङ) लैङ्गिक हिँसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी सञ्चालक समितिको निर्णय अनुसार उपलब्ध गराईनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिने

तर मानसिक सन्तुलन गुमाएको र होस ठेगान नभएको व्यक्तिको तत्काल उद्धार गर्नु पर्ने भएमा सरकारी वा सार्वजनिक एम्बुलेन्स सेवा वापतको भाडा रकम उपलब्ध गराउन सकिनेछ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भई अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पन्ध्र हजार रुपैया

(ङ) पुनर्स्थापनाको लागि बढीमा दश हजार रुपैयाँ

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ।

तर उपदफा (१) (घ) मा यो व्यवस्था लागू हुने छैन।

(३) सञ्चालक समितिले आर्थिक सहायता सम्बन्धी आफूलाई प्राप्त केही अधिकार अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ

गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ

१२. तत्काल रकम उपलव्ध गराउन सक्नेः(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।-(रु. दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१३. थप रकम निकासा माग गर्न सक्ने :(१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा कार्यपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ।

१४. छुट्टै खाता खोल्नु पर्ने : (१) कोषमा प्राप्त हुने सबै रकम कार्यालयले तोकेको बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१५. कोषको लेखा र लेखा परिक्षण :(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

१६. आवर्ति (रिभल्भीङ) कोष : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा

रहनेछ।

१७. प्रतिवेदन पेश गर्नेः (१) राहत समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले मासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

१८. बैठक भत्ताः सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

१९. निर्देशन दिन सक्ने : (१) कार्यपालिका र नगर सभाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

आज्ञाले,
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत



राइनास नगरपालिकाद्वारा प्रकाशित ।